


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५४ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २६ अंक ३ | माघ – चैत २०७५ | Year 26 Vol 3 | Feb. 2019 -Apr. 2019

### हावाहुरी पिडितहरुलाई रावा बैंकद्वारा आर्थिक सहयोग

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा

**काठमाडौं, २७ चैत**

२०७५ चैत्र १७ गते बारा र पर्सा जिल्लाका विभिन्न स्थानमा हावाहुरीको कारणवाट भएको ठूलो जनधनको क्षति प्रति बैंक परिवार दुःख व्यक्त गर्दछ । उक्त प्राकृतिक विपदको कारणवाट दिवंगत भएका व्यक्तिहरुको चिर शान्तिको कामना गर्दै पिडित परिवारहरुलाई राहत पुऱ्याउने उद्धेश्यले राष्ट्रिय वाणिज्य बैंक लि. को तर्फ वाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरि रु ७५,००,०००।०० (अक्षेरेपी पचहत्तर लाख मात्र ।)को चेक राष्ट्रिय वाणिज्य बैंक लि. संचालक समितिका अध्यक्ष एवं सञ्चार तथा सुचना प्रविधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गबाट सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई हस्तान्तरण गर्नुभयो ।



प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवारमा सम्पन्न उक्त कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका माननिय मन्त्री भानुभक्त ढकाल, काठमाडौं

बाँकी पृष्ठ ५ ▶▶

## खोलौं बैंक खाता-२०७६ राष्ट्रिय अभियानको शुभारम्भ

**काठमाडौं, १ बैशाख**

२०७६ वैशाख १ गते राष्ट्रिय सभा गृहमा भएको कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना पिता मोहनप्रसाद ओली र सम्माननीय प्रधानमन्त्रीकी धर्मपत्नी राधिका शाक्यकी आमा धनमाया शाक्यको राष्ट्रिय वाणिज्य बैंकको समृद्धि बचत खाता खोली नेपाल सरकारले सुरु गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्त गर्न समृद्धिसंग जौडी नाताः सबै नेपालीको बैंक खाता भन्ने नाराको साथ खोलौं बैंक खाता राष्ट्रिय अभियानको शुभारम्भ गर्नु भएको छ ।

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा हरेक नेपालीको बैंक खाता पुर्याउने कार्यक्रम समेटेको थियो । सोहि अभियानलाई सहयोग गर्ने भन्दै नेपाल राष्ट्र बैंकले खाता खोल्दा सरकारले प्रमाणित गरेको कुनै एकै कागजात मात्र भए हुने व्यवस्था गर्नुको साथै केवाईसी पनि भर्नु नपर्ने गरी सहज व्यवस्था गरिदिएको छ । वित्तीय रुपमा नेपाली नागरिकलाई सबल, सक्षम एवम् जागरुक बनाउने र सबै आर्थिक कारोवार बैंक खातामार्फत गर्ने गरी अभियान शुरु गरिएको हो ।




कार्यक्रम शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले वित्तीय साक्षरतालाई जोड दिँदै सबै नेपाली यस अभियानमा सहभागी हुन आग्रह गर्नुभएको छ । उहाँले पहिले पहिले थैलीका दिन रहेको र अब चेक र कार्डका दिन आएको बताउनुभयो ।

यस्तै अर्थमन्त्री डा. खतिवडाले पनि सबै नेपालीको बैंक खाताले वित्तीय पुहँच स्थापित हुने बताउनु भयो । सबै नेपालीलाई सरल रुपमा वित्तीय पहुँच कायम गर्ने लक्ष्यका साथ २८ वटै ‘क’ वर्गका वाणिज्य बैंकले बैंक खाता खोल्ने गरी व्यवस्था मिलाइएको छ । अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकले सबै नेपालीलाई बैंक खाता खोल्नका लागि सहजीकरण गर्नेछ । सरकारको आग्रहअनुसार नै बैंकले नयाँ खाता खोल्नेलाई रु एक सय संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उपलब्ध गराउनेछ ।

# बैंकको ५४ औं वार्षिकोत्सव सम्पन्न

# राष्ट्रिय वाणिज्य बैंक ७७ वटै जिल्लामा पुग्ने पहिलो बाणिज्य बैंक




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५४औं वार्षिकोत्सव समारोह सम्पन्न भएको छ । सो समारोहमा सम्माननीय कार्यवाहक प्रधानमन्त्री एवं रक्षा मन्त्री ईश्वर पोखरेलले सम्बृद्ध नेपाल सुखी नेपाली अभियानको सफलताको लागि सवै स्थानीय तहमा मात्र नभई हरेक वडा वडामा बैंकको शाखा पुग्नुपर्ने र बैंकहरुले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम विपन्नवर्ग, उत्पादनशील क्षेत्र तथा पूर्वाधार र युवास्वरोजगारको क्षेत्रमा प्राथमिकताका साथ कर्जा लगानी गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५४ औं वार्षिकोत्सब समारोहमा बोल्दै उहांले भन्नूभयो- राष्ट्रिय वाणिज्य बैंकले गरेको प्रगतिमा खुशी लागेको र सातै प्रदेशको ७७ वटै जिल्लामा पुगेकोमा बैंकलाई धन्यवाद छ ।

समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा रावा बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणी रहेको बताउनुभयो ।

बैंकका संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले विगत १० वर्ष यता देखि बैंकको सवै वित्तीय सुचकहरु सकारात्मक ढगंले अगाडि बढिरहेका छन् । बैंकले समयानुकुल रुपमा सबै क्षेत्रमा प्रगती गर्दै गईरहेको र बैंकलाई डिजिटल तर्फ लाने क्रममा आज तीनवटा ब्रान्चलाई स्मार्ट ब्रान्चको रुपमा शुभारम्भ गरिएको बताउनुभयो ।




बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनुभयो । उहांले २०७५ पुस मसान्तसम्म बैंकले १ खर्व ८२ अर्व रुपैंया निक्षेप संकलन गरी १ खर्व ३४ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो । बैंकले यस अवधिमा खुद मुनाफा १ अर्व ९६ करोड रुपैंया पुऱ्याएको छ । बैंकको कूल सम्पत्ती रु. २ खर्व ४ अर्ब रुपैंया पुगेको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनुभयो ।

५४ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो वैंक माघ १० गतेबाट सातैवटा प्रदेशमा देशका ७७ वटै जिल्लामा आफ्नो उपस्थिति जनाई नेपालको ७७ वटै जिल्लामा पुग्ने पहिलो बाणिज्य बैंक भएको छ । कार्यक्रममा बैंकको उत्कृष्ट शाखा कार्यालय घोषणा, उत्कृष्ट कर्मचारी घोषणा, कर्मचारी सम्मान कार्यक्रम, कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो । कार्यक्रममा शाखा कार्यालय सन्धिखर्कलाई सर्वोत्कृष्ठ शाखा कार्यालय र मूख्य प्रवन्धक(लेखा) विमल डंगोललाई सर्वोत्कृष्ठ र अन्य कर्मचारीहरुलाई बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो । साथै वार्षिकोत्सवको अवसरमा वित्तीय चेतनामुलक प्रभातफेरी कार्यक्रम, रक्तदान कार्यक्रम, विभिन्न खेलकुद




प्रतियोगिता, केन्द्रीय कार्यालय परिसर सरसफाइ कार्यक्रम संचालन गरिएको थियो । वार्षिकोत्सको अवसरमा विभिन्न शाखा कार्यालयहरु तथा क्षेत्रीय कार्यालयहरुले समेत विभिन्न कार्यक्रमहरुको आयोजना गरिएको थियो ।

कार्यक्रममा शाखा कार्यालय नक्साल, पुल्चोक र हेटौंडालाई स्मार्ट ब्रान्चको रुपमा शुभारम्भ गरिएको थियो ।

कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्की र रावा बैंक अवकास प्राप्त कर्मचारी संघका अध्यक्ष पुरुषोत्तम निरौलाले शुभकामना ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा अर्थ मन्त्रालयका सह सचिव उत्तरकुमार खत्री, बैंक संचालक समितिका सदस्यहरु, नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्रप्रताप शाह, कर्मचारी संचय कोषका कोष प्रशासक तुलसी गौतम, नागरिक लगानी कोषका कार्यकारी निर्देशक रमण नेपाल, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी र सुशिल श्रेष्ठ, ब्राण्ड एम्बासडर मिस नेपाल २०१८ श्रृंखला खतिवडा, उपकार्यकारी अधिकृतहरु केशब प्रसाद लम्साल, टेकराज जोशी र महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु, कर्मचारीहरु, भूपु कर्मचारीहरु लगायतको भव्य उपस्थिती रहेको थियो ।

# सिंहदरबार परिसरमा रावा बैंकको शाखा शुभारम्भ



**काठमाडौं, १ बैशाख**

नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले नेपालको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार परिसरमा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको शाखा कार्यालय सिंहदरबार परिसरको औपचारीक रुपमा शुभारम्भ गर्नुभएको छ। यो समेत बैंकको शाखा कार्यालयको संख्या २१८ पुगेको छ। सो समारोहमा प्रमुख अतिथि महेन्द्रमान गुरुङ्गले सिंहदरबार भित्र राष्ट्रिय वाणिज्य बैंकको शाखा खुलेपछि सरकारी आर्थिक कारोबार गर्न थप सहयोग पुग्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा बैंकले दिगो आर्थिक विकासको लागि शहरी तथा ग्रामिण क्षेत्रमा प्राथमिकताका साथ शाखा खोली वित्तीय पहुंच विस्तार गरिने वताउनुभयो। उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, रबिन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, अर्जुनबहादुर अधिकारी, डा.माधबप्रसाद दाहाल, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु लगायतका कर्मचारीहरुको उपस्थिती रहेको थियो। कार्यक्रमको संचालन ब्रान्च अप्रेशन विभागका उपप्रवन्धक जितेन्द्र सिंह थापाले गर्नुभएको थियो।



# राष्ट्रिय वाणिज्य बैंक लि.को १३ औं वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं, ४ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन पारित गरेको छ। नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारण सभामा अध्यक्ष गुरुङ्गले प्रतिवेदन प्रस्तुत गर्नुहुंदै राष्ट्रिय वाणिज्य बैंक विश्वासनीय भएको र आगामी दिनमा थप सुदृढ बनाउने प्रतिबद्धता ब्यक्त गर्नुभयो।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकारका अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतीक पूर्वाधार तथा यातायात मन्त्रालय, कृषि, भुमी व्यवस्था तथा सहकारी मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका प्रतिनीधि तथा सार्वसाधारण शेयरधनिहरुको उपस्थिति रहेको थियो। अध्यक्ष गुरुङ्गले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथी शेयरधनिहरु दामोदर प्रसाद रेग्मी, निरज्नकुमार तिवेडेवाल र अमृतनाथ रेग्मीले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाव सहितको धारण राख्नुभएको थियो। सो टिप्पणी एवं जीज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले जवाफ दिनुभएको थियो।




सो साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, रबीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, अर्जुनबहादुर अधिकारी, डा. माधबप्रसाद दाहाल, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी, सुशिल श्रेष्ठ, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी र विभागीय प्रमुखहरु लगायतको उपस्थिती रहेको थियो। साभारण सभालाई कम्पनी सचिव भोलानाथ पौडेलले सहजीकरण गर्नुभएको थियो।

# मोरङ्गको मधुमल्लामा रावा बैंकको शाखा शुभारम्भ




**मोरङ्ग, ११ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मोरङ्ग जिल्लाको मिल्काजुङ्ग गांउपालिका वडा नम्बर-९ स्थित शाखा कार्यालय मधुमल्लाको औपचारिक रुपमा शुभारम्भ गरिएको छ । नेपाल सरकार अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा. रामशरण खरेल र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले संयुक्त रुपमा एक समारोहका बीच औपचारीक रुपमा मधुमल्ला शाखाको समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि डा. रामशरण खरेलले राष्ट्रिय वाणिज्य बैंक देशकै ब्राण्ड एम्बासडर बन्नुपर्ने बताउँदै सरकारी नीति तथा कार्यक्रमलाई थप सघाउ पुर्‍याउनुपर्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले समृद्ध नेपाल सुखी नेपाली अभियानलाई सार्थकता बनाउन बैंकले सहुलियतपूर्ण कर्जा प्राथमिकताका साथ लगानी गरिरहेको बताउनुभयो । बैंकको प्रदेश नम्बर १ का निमित्त प्रमुख ऋषब भट्टराईको सभापतित्वमा सम्पन्न उक्त समारोहमा मिल्काजुङ्ग गांउपालिकाका अध्यक्ष देबीप्रसाद आचार्य, उर्लाबारी उद्योग वाणिज्य संघका अध्यक्ष प्रितम खड्गी, नेको इन्सुरेन्सका प्रमुख कार्यकारी अधिकृत विश्व तिमिला, स्थानीय राजनीतिक दलका प्रतिनीधि, उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बेदमाया अर्याल न्यौपानेलाई सहुलियतपूर्ण कृषि कर्जा र गणेश दर्जीलाई विपन्नवर्ग कर्जा समेत प्रदान गरिएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा संखुवासभाको चैनपुरमा न्यानो कपडा वितरण




**काठमाडौं, १७ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं ६ मा रहेको सरस्वति माध्यामिक विद्यालयमा अध्यनरत ५ सय जना विद्यार्थीहरुलाई बुधबार एक समारोहका बिच न्यानो कपडा (स्विटर) वितरण गरेको छ । सो कार्यक्रममा संखुवासभाका माननीय जिल्ला न्यायाधीस प्रकास राउत, चैनपुर न.पा. वडा नं ६ का अध्यक्ष नेत्रबहादुर डांगी, विद्यालय व्यवस्थापनका समितिका अध्यक्ष दिनेश श्रेष्ठ, प्रधानाध्यापक उज्ज्वल कर्माचार्य, बैंकका खांदबारी शाखाका प्रबन्धक अनिशकुमार रायमझी, चैनपुर शाखाका प्रबन्धक सुरेश मण्डल, सशस्त्र प्रहरीका गुल्मपति कबिन्द्र राई, प्रहरी निरिक्षक मिङमा शेर्पा, इलाका प्रशासन कार्यालय प्रमुख राजन घिमिरे, चैनपुर न.पा. का शिक्षा शाखा एवं स्रोत ब्यक्ति विश्वनाथ सुबेदी लगायत स्थानीय सरकारी तथा संघसंस्थाका प्रतिनीधिहरुले न्यानो कपडा (स्विटर) वितरण गर्नुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिभिजन बीच सम्झौता



**काठमाडौं, २९ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिभिजन बीच TVC प्रसारण गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले हस्ताक्षर गर्नुभएको छ । सो समारोहमा नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गको समुपस्थिती रहेको थियो ।

सम्झौता पछि राष्ट्रिय वाणिज्य बैंकले उपलब्ध गराएको TVC नेपाल टेलिभिजनबाट दैनिक १४ पटक लामो समाचार अगाडि प्रसारण गरिने छ । यो सम्झौता २०७६ वैशाख १ गतेदेखि चैत मसान्तसम्मका लागि लागु हुनेछ ।

समारोहमा नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले दुई सार्वजनिक संस्थाको सहकार्यबाट सिर्नजी इफेक्ट हुन गई संस्था र सरकार थप बलियो हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात सरकारको नीति तथा कार्यक्रमको कार्यन्वयनमा थप सघाउ पुग्ने विश्वास ब्यक्त गर्नुभयो । नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले दुबै संस्थाको बिश्वास र इमेज बढेर जाने बताउनुभयो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी र नेपाल टेलिभिजनका महाप्रवन्धक गोबिन्द रोकाले सम्झौता पछि दुवै संस्थाले आफ्नो व्यवसाय बृद्धिमा सफलता प्राप्त गर्ने बताउनु भयो । कार्यक्रममा बैंकका उपकार्यकरी अधिकृत महेन्द्रप्रसाद अवस्थी, बिभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, रावा बैंक समाचारका सहायक सम्पादक ईश्वर उप्रेती लगागत नेपाल टेलिभिजनकाका बरिष्ठ अधिकारीहरुको उपस्थिती रहेको थियो ।

# अर्ध वार्षिक लक्ष्य प्रगति समिक्षा गोष्ठी सम्पन्न

**ललितपुर, २६ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको उच्च व्यवस्थापन, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरु, मुख्य शाखा कार्यालय, कर्पोरेट शाखाका प्रवन्धक सम्मिलित चालु आ.व.को अर्ध वार्षिक लक्ष्य प्रगति समीक्षा सम्बन्धी गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो । ललितपुरको गोदावरी भिलेज रिर्सोटमा दुई दिन सम्म संचालित सो गोष्ठिमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्धय कबिराज अधिकारी, सुशिल श्रेष्ठ, उपकार्यकारी अधिकृतहरु केशब प्रसाद लम्साल, टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु, प्रदेश कार्यालयका प्रमुखहरु, मुख्य शाखा कार्यालयका प्रवन्धक, कर्पोरेट शाखाका प्रवन्धक लगायतको उपस्थिति रहेको थियो ।

# रावा बैंक र नेशनल बैंकिग ईन्स्टिच्यूट बीच वित्तीय साक्षरता कार्यक्रम सम्बन्धी सम्झौता




**काठमाडौं, ११ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिग ईन्स्टिच्यूट (nbi) बीच वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी ढङ्गले द्रुतगतिमाविस्तार गर्नको लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौतामा राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र nbi को तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्जीव सुब्बाले हस्ताक्षर गर्नुभएको थियो ।

यस सम्झौतापत्र अनुसार nbi ले बनाएको वित्तीय साक्षरता सम्बन्धी मोबाईल एप्को संरचना र सुविधाहरु बारे राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुलाई विस्तृत जानकारी गराईने छ । बैंकले आफ्ना सञ्जालमा रहेका सबै शाखाका कर्मचारीहरुलाई nbi Mobile App बारे ज्ञान दिलाई आ -आफ्नो ग्राहकमाँझ वित्तीय साक्षरता कार्यक्रमलाई सहजताका साथविस्तार गर्नको लागिको प्रेरित गर्नेछ । साथै बैंकले nbi एप् मार्फत समाजका विभिन्नवर्गहरु जस्तै महिला समुह, किसान, रेमिट्यान्समा आश्रित परिवारहरु, शिक्षकशिक्षिकाहरु तथा विद्यार्थीहरुलाई वित्तीय साक्षरताबारे जानकारी गराउनेछ । यदि आवश्यक भएमा nbi ले बैंकहरुलाई विशेष छुटमा वित्तीय साक्षरता सम्बन्धी सचेतना कार्यक्रमको व्यवस्थापनगरि दिनेछ ।

यसरी दुई संस्थाहरु एउटै महान् उद्देश्यको लागि साझेदारी गरि अघि बढ्नाले बचत गर्ने र व्यवसाय सन्चालनबारे जागरुक्ता ल्याउन थप उर्जा मिल्ने छ । वित्तीय साक्षरताको विविध सामाग्रीहरु सबै माझ लैजान nbi Mobile Appको प्रयोगले देशमा वित्तीय साक्षरताको विस्तारमा नयाँ आयामको सुरुवातहुनेछ भन्ने विश्वास गरिएको छ ।

# हावाहुरी पिडितलाई......

महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्य, प्रधानमन्त्रीका प्रमुख राजनैतिक सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सल्लाहकार डा. राजन भट्टराई, प्रेस सल्लाहकार चेतन अधिकारी, राष्ट्रिय वाणिज्य बैंक लि संचालक समितिका सदस्य एवं अर्थ मन्त्रालयका सह सचिव निर्मलहरी अधिकारी, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत टेकराज जोशी, विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी लगायत बैंकका अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

# कर्जा व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न



**हेटौंडा, १६ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा कर्जा विभागको समन्वयनमा कर्जाको बजारीकरण तथा मूल्याङ्कन र कर्जा अनुगमन तथा व्यवस्थापन सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । हेटौंडामा संचालित सो तालिम कार्यक्रममा वीरगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत २८ जना कर्जा इन्चार्जहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत केशबप्रसाद लम्साल, तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, वीरगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक विश्वप्रकाश ज्ञवाली, प्रवन्धकहरु दिनेश गौतम, हेमराज मरहठ्ठा, बालकुमार थापा, युवराज घिमिरे, नरसिंहनारायण यादब, नापी अधिकृत विशाल थापा, शेखरराज शर्मा, शुभद्रश्री राजभण्डारी र नागेन्द्र महर्जनले कर्जाका सिद्धान्त, सीडीटी फारम, वित्तीय विवरण विश्लेषण, जोखिम व्यवस्थापन, कर्जाका कानूनी पक्षहरु, धितो मूल्याङ्कन, गैर कोषमा आधारित कर्जा, कृषि तथा सहुलिय कर्जाका बारेमा बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**नेपालगंज, २५ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा कर्जा विभागको समन्वयनमा कर्जाको बजारीकरण तथा मूल्याङ्कन र कर्जा अनुगमन तथा व्यवस्थापन सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । नेपालगंजमा संचालित सो तालिम कार्यक्रममा नेपालगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ४५



जना कर्जा इन्चार्जहरुको सहभागिता रहेको थियो । कार्यक्रममा तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, नेपालगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक आनन्द सुवेदी, प्रवन्धक दामोदर ज्ञवाली, प्रज्वलध्वज थापा, नापी अधिकृत रुद्र देबकोटा, यामबहादुर खत्री, शेखरराज शर्मा, शुभद्रश्री राजभण्डारी र श्रीजना धरेलले कर्जाका सिद्धान्त, सीडीटी फारम, वित्तीय विवरण विश्लेषण, जोखिम व्यवस्थापन, कर्जाका कानूनी पक्षहरु, धितो मूल्याङ्कन, गैर कोषमा आधारित कर्जा, कृषि तथा सहुलिय कर्जाका बारेमा बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )

# एटिएम संचालन, आइटी र सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न




**इटहरी, १५ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एटिएम संचालन, हिसाब मिलान, नयां इ-बैंकिङ्ग सेवा संचालन, सूचना प्रविधि र जोखिम, सरकारी कारोबार, कर, आम्दानी, बित्त फारम, पेन्सन व्यवस्थापन तथा रिम्स सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । इटहरीमा संचालित सो तालिम कार्यक्रममा बिराटनगर क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । सूचना प्रविधि विभागका विभागीइ प्रमुख देवेशप्रसाद लोहनी, इलेक्ट्रोनिक विभागका विभागीय प्रमुख रिको स्थापित, बित्त विभागका विभागीय उपप्रमुख राजु थापा, प्रवन्धकहरु गगनसिंह घिमिरे, आनन्द नारायण चौधरी, उप प्रवन्धकहरु अर्जुन दाहाल, लोकनाथ घिमिरे, रबिन्द्र के.सी., मुरलीधर भट्टले बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**काठमाडौं, २३ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एटिएम संचालन, हिसाब मिलान, नयां इ-बैंकिङ्ग सेवा संचालन, सूचना प्रविधि र जोखिम, सरकारी कारोबार, कर, आम्दानी, बित्त फारम, पेन्सन व्यवस्थापन तथा रिम्स सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । ललितपुरको गोदावरीमा संचालित सो तालिम कार्यक्रममा काठमाडौं क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ४५ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । सूचना प्रविधि विभागका विभागिय प्रमुख देवेशप्रसाद लोहनी, इलेक्ट्रोनिक विभागका विभागीय प्रमुख रिको स्थापित, बित्त विभागका विभागीय उपप्रमुख राजु थापा, प्रवन्धकहरु हेमन्त जिसी, गगनसिंह घिमिरे, आनन्द नारायण चौधरी, उप प्रवन्धकहरु अर्जुन दाहाल, लोकनाथ घिमिरे, रबिन्द्र के.सी., मुरलीधर भट्टले बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो । सो कार्याक्रममा काठमाडौं क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक सोनी श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

**पोखरा, १५ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एटिएम संचालन, हिसाब मिलान, नयां इ-बैंकिङ्ग सेवा संचालन, सूचना प्रविधि र जोखिम, सरकारी कारोबार, कर, आम्दानी, बित्त फारम, पेन्सन व्यवस्थापन तथा रिम्स सम्बन्धी चार दिवसीय तालिम सम्पन्न भएको छ । पोखरामा संचालित सो तालिम कार्यक्रममा पोखरा क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुमा कार्यरत ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । सूचना प्रविधि विभागका विभागीइ प्रमुख देवेशप्रसाद लोहनी, बित्त विभागका विभागीय उपप्रमुख राजु थापा, प्रवन्धकहरु हेमन्त जिसी, आनन्द नारायण चौधरी, उप प्रवन्धकहरु अर्जुन दाहाल, लोकनाथ घिमिरे, रबिन्द्र के.सी., मुरलीधर भट्टले बैंक कर्मचारीहरुलाई विषयगत प्रशिक्षण दिनुभएको थियो । सो कार्याक्रममा पोखरा क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक ऋषिराम ढकाल लगायतको उपस्थिति रहेको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )

**राष्ट्रिय वाणिज्य बैंक लि. ५४ औं वार्षिकोत्सवको अवसरमा आर्थिक वर्ष २०७४/०७५ मा उत्कृष्ट भई घोषणा भएका शाखा कार्यालयहरुको विवरण:**

सर्व प्रथम हुने शाखा कार्यालय :-

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | ३०५ | सन्धिखर्क | ७४ |

विशिष्ट श्रेणी तथा (क) बर्गका शाखा कार्यालय:

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | ३१२ | बुटवल खस्यौली | ६७ |
| द्वितिय | ३४८ | अमरसिंहचोक | ६१ |
| तृतिय | १८५ | कर्पोरेट शाखा | ५७ |

(ख ) बर्गका शाखा कार्यालय:

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | ३०८ | भैरहवा | ७१ |
| द्वितिय | १३० | हेटौंडा | ६८ |
| तृतिय | १२२ | जनकपुर | ५५ |

(ग ) बर्गका शाखा कार्यालय:

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | ३०५ | सन्धिखर्क | ७४ |
| द्वितिय | १०६ | सिन्धुली | ७३ |
| तृतिय | ३२० | कावाशोती | ७१ |

(घ) बर्गका शाखा कार्यालय:

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | ३३३ | बर्दघाट | ७२ |
| द्वितिय | १२९ | निजगड | ६८ |
| तृतिय | ४२९ | लमहि | ६७ |

(ड.) बर्गका शाखा कार्यालय:

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|
| प्रथम | १२४ | धनुषामहेन्द्रनगर | ६४ |
| द्वितिय | ४३६ | नारायणपूर | ६३ |
| तृतिय | ३३५ | गैडाकोट | ६२ |

**राष्ट्रिय वाणिज्य बैंक लि. ५४ औं वार्षिकोत्सवको अवसरमा घोषणा भएको बैंक सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरुको नामावली:**

१) सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त गर्ने कर्मचारी:

| क्र.सं. | पद | कर्मचारीको नाम | क.नं. | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|---|
| १ | मुख्य प्रबन्ध क (लेखा) | श्री विमल डंगोल | ११४७६ | १० | वित्त विभाग |

२) बैंक सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरु:

| क्र.सं. | पद | कर्मचारीको नाम | क.नं. | तह | कार्यरत कार्यालय |
|---|---|---|---|---|---|
| १ | प्रबन्धक (कानुन) | श्री सानुभाई खड्का | ११३८१ | ८ | मानव संशाधन विभाग |
| २ | प्रवन्धक | श्री युवराज घिमिरे | ११०७३ | ८ | संस्थागत तथा सनाम मझौला कर्जा विभाग |
| ३ | उप प्रवन्धक (सूचना प्रविधि) | श्री प्रभू ढुंगाना | ११३९० | ७ | सूचना प्रविधि |
| ४ | उप प्रवन्धक (इन्जिनियर) | श्री कविन्द्र मान श्रेष्ठ | ११७०४ | ७ | सम्पत्ति व्यवस्थापन विभाग |
| ५ | सहायक प्रवन्धक | श्री जगन्नाथ यादव | १०३१२ | ६ | ट्रेजरी |
| ६ | वरिष्ठ सहायक | श्री उत्तरा बस्नेत | १०५७६ | ५ | ई.बैंकिङ्ग विभाग |
| ७ | करार सहायक | श्री विक्कि मिश्र | १२४५९ | ४ | मुख्य शाखा कार्यालय, काठमाडौं |
| ८ | उप-प्रवन्धक | श्री लिलाराम ढुङ्गाना | ११६१८ | ७ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज |
| ९ | शाखा प्रवन्धक | श्री प्रद्युम्न कार्की | ११२१७ | ८ | थापाथली क वर्गको शाखा |
| १० | शखा प्रवन्धक | श्री हेमराज भरहट्टा | १११६९ | ८ | हेटौडा |
| ११ | शाखा प्रवन्धक | श्री कपिल कूमार कार्की | ११०८६ | ८ | मैतिदेवी |
| १२ | शाखा प्रवन्धक | श्री अनिश कूमार रायमाझी | ११४५१ | ६ | खाँदबारी |
| १३ | शाखा प्रवन्धक | श्री चिरञ्जिवी गिरी | ११८२७ | ६ | मेहलकुना |
| १४ | का.मू. सहायक | श्री बाल कुमार तामाङ | ११९४२ | का.मु.४ | भद्रपूर |
| १५ | का.मु. सहायक | श्री शकुन्तला राई वान्तवा | ११९४१ | का.मु.४ | विर्तामोड |
| १६ | वरिष्ठ सहायक | श्री सुरज पोखरेल | ११६७० | ५ | हनुमाननगर |
| १७ | सहायक (कम्प्यूटर) | श्री जितेन्द्र प्रसाद जैसवाल | ११८६० | ४ | पिडारीचोक |
| १८ | वरिष्ठ सहायक | श्री दूर्गाहरी पौडेल | ६४५५ | ५ | लालबन्दी |
| १९ | सहायक प्रवन्धक | श्री मनोज पौडेल | १०३०१ | ६ | नक्साल |
| २० | व.स. (क.अ.) | श्री विष्णु राम खत्री | ११५२७ | ५ | कलंकी |
| २१ | का.मु. सहायक | श्री संजय श्रेष्ठ | ११९४७ | का.मु.४ | दिक्तेल |
| २२ | का.मु. सहायक | श्री डगेन्द्र बस्नेत | ११९५२ | का.मु.४ | लुक्ला |
| २३ | का.मु. सहायक | श्री ईश्वर खड्का | ११७५१ | का.मु.४ | गोरखा |
| २४ | का.मु. सहायक | श्री माधव घिमिरे | ११९६३ | का.मु.४ | सन्धिखर्क |
| २५ | कनिष्ठ सहायक | श्री सोयत्ता काफ्ले | १२२०८ | ३ | सु.व.भैरहवा |
| २६ | शाखा सहायक प्रवन्धक | श्री टेकराज न्यौपाने | ११९१२ | का.मु.४ | दुल्लु |
| २७ | करार सवारी चालक | श्री नरेश बोहरा | ११५६८ | ३ | महेन्द्रनगर |
| २८ | कार्यालय सहयोगी | श्री खडक बहादुर देउवा | ९७०६ | ५ | अत्तरिया |

# कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम सम्पन्न

**पोखरा, २९ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम पोखरा क्षेत्रमा सम्पन्न भएको छ । पोखरामा संचालित पोखरा क्षेत्र अन्तरगर्तका शाखा कार्यालयमा कार्यरत खजान्जीहरुका लागि लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब ४४ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। बैंकका उपकार्यकारी अधिकृत केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, पोखरा क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक ऋषिराम ढकाल लगायतको उपस्थिति रहेको थियो ।



**हेटौंडा, २१ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा कोष व्यवस्थापन तथा नोट र सुनचांदी पहिचान सम्बन्धी तालिम वीरगंज क्षेत्रमा सम्पन्न भएको छ । हेटौंडामा संचालित वीरगंज क्षेत्र अन्तरगर्तका शाखा कार्यालयमा कार्यरत खजान्जीहरुका लागि लक्षित गरी संचालन गरिएको सो तालिम कार्यक्रममा करिब २८ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। बैंकका उपकार्यकारी अधिकृत केशबप्रसाद लम्सालले कोष व्यवस्थापन सम्बन्धी, नेपाल राष्ट्र बैंकका पूर्व उप निर्देशक वीरकाजी शाक्यले नोट पहिचान सम्बन्धी र धर्मरत्न शाक्य तथा दिपकरत्न शाक्यले सुनचांदी पहिचान सम्बन्धी विषयगत प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा तालिम तथा विकास विभागका निमित्त विभागीय प्रमुख दिपक न्यौपाने, वीरगंज क्षेत्रका निमित्त क्षेत्रीय प्रवन्धक विश्वप्रकाश ज्ञवाली लगायतको उपस्थिति रहेको थियो ।

(बरिष्ठ सहायक कृष्ण आचार्यको सहयोगमा तयार पारिएको )

## मानव संशाधन

**मिति २०७५ माघ १ गते देखि चैत मसान्त सम्म भएका सरुवा विवरण:**

| मिति – २०७५।१०।०१ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम | क.सं. | कार्यरत कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
| १ | श्री सुरेश सापकोटा | ११६२१ | मैतिदेवी | प्रस्तावित शा.का. बौद्ध | ७ | शाखा प्रबन्धक |
| २ | श्री अंजली श्रेष्ठ | १२३९३ | जलविरे | मुख्य शाखा कार्यालय | ४ | सहायक (नगद) |
| ३ | श्री जुगल सापकोटा | १२६६६ | जलविरे | जलविरे | ४ | नगद सहायक |
| ४ | श्री सम्झना पुडासैनी | १२२९७ | मुख्य शाखा कार्यालय | प्रस्तावित शा.का. बौद्ध | ५ | नगद सहायक |
| ५ | श्री गान्धी राज बि.सी. | १०६८४ | दैलेख | क्षे.का. नेपालगञ्ज | ६ | सहायक प्रबन्धक |
| ६ | श्री राजेन्द्र प्रसाद आचार्य | १०३९२ | क्षे.का. पोखरा | पातिचौर | ६ | शाखा प्रबन्धक |
| ७ | श्री अर्जुन भट्टराई | ११५५१ | क्षे.का. पोखरा | अर्जुनचौपारी | ५ | निमित्त प्रबन्धक |
| ८ | श्री राकेश कुमार ठाकुर | १२४०१ | सिजुवाबजार | धनुषा महेन्द्रनगर | ४ | सहायक (नगद) |
| ९ | श्री भीषण कुमार लिम्बु | १२८३८ | सिजुवाबजार | सिजुवाबजार | ४ | नगद सहायक |
| १० | श्री महेश घिमिरे | १२९६१ | कटहरी | कटहरी | ४ | नगद सहायक |
| मिति – २०७५।१०।०२ | | | | | | |
| १ | श्री चेतन बि.सि. | १२२३६ | दैलेख | दैलेख | ६ | शाखा प्रबन्धक |
| मिति – २०७५।१०।११ | | | | | | |
| १ | श्री प्रेम बहादुर धिमाल | ११९४८ | खोटाङ्गबजार | दिक्तेल | का.मु.४ | का.मु. सहायक |
| २ | श्री दिपेन्द्र कुमार मण्डल | १२८५६ | दिक्तेल | ऐसेलुखर्क | ४ | नगद सहायक |
| ३ | श्री रेखा सैंजु | ११९५० | दिक्तेल | दिक्तेल | का.मु.४ | नगद सहायक |
| मिति – २०७५।१०।११ | | | | | | |
| १ | श्री सुमन ढकाल | १२९५५ | मधुमल्ला | मधुमल्ला | ४ | शाखा सहायक प्रबन्धक |
| २ | श्री गोबिन्द राजवंशी | १२८२५ | मधुमल्ला | मधुमल्ला | ४ | नगद सहायक |
| ३ | श्री बबिता शर्मा | १२८९३ | महेन्द्रचोक | महेन्द्रचोक | ४ | नगद सहायक |
| ४ | श्री गेहेन्द्र राज दाहाल | १२६६३ | बयरवन | बयरवन | ४ | नगद सहायक |
| ५ | श्री पुष्पा कुमारी भट्ट | १२७९४ | क्याम्पसरोड | क्याम्पसरोड | ४ | नगद सहायक |
| ६ | श्री घनश्याम निरौला | १२९६४ | तौलिहवा | तौलिहवा | ६ | शाखा सहायक प्रबन्धक |
| ७ | श्री महेश मण्डल | १२९१० | नेचाविहिवारे | नेचाविहिवारे | ४ | नगद सहायक |
| ८ | श्री अजय कुमार यादव | १२७१० | नेचाविहिवारे | नेचाविहिवारे | ४ | शाखा सहायक प्रबन्धक |
| ९ | श्री अनु बुढाथोकी | १२५८९ | कटारी | कटारी | ५ | शाखा सहायक प्रबन्धक |
| १० | श्री नवराज आचार्य | १०४७८ | कर्पोरेट | कर्पोरेट | ५ | नगद सहायक |

## तालिम विदेश




सन् २०१९ जनवरी २० देखि २४ सम्म Banking Finance & Insurance Institute of Nepal (BFIN) मार्फत ढाका, बंगलादेशमा संचालित "International Training Program on Risk Based Audit in Banks " विषयक तालिम कार्यक्रममा बैंकका निम्न कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।

१. उप प्रवन्धक(लेखा) श्री द्रोणप्रसाद उप्रेती
२. उप प्रवन्धक(लेखा) श्री कमल शर्मा

# Enhancing Visionary Thinking कार्यक्रम सम्पन्न



**काठमाडौं, १८ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा ग्रोथ लिडरसिप एकेडेमीको सहकार्यमा पातलेवन रिर्सोटमा राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत बरिष्ठ प्रवन्धक र सो तह भन्दा माथि कार्यरत ४० जना कर्मचारीहरुलाई नेतृत्व विकास सम्बन्धि Enhancing Visionary Thinking तालिम आयोजना गरिएको छ । सो तालिमको उद्घाटन गर्नुहुदै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले तालिममा अन्तर्राष्ट्रिय स्तरमा भएको नयां नयां सोच तथा सिकाईको जानकारी हुने भएकाले तालिमले संस्थाको नेतृत्व तहमा कार्यरत कर्मचारीहरुको व्यक्तित्व विकासमा सहयोग पुगी बैंक अझ बढि बलियो हुने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा स्रोत व्यक्तित्व आसुतोष तिवारीले प्रशिक्षण दिनुभएको थियो ।

## ब्रान्च प्रोफाइल

## शाखा कार्यालय सन्धिखर्क (३०५)

**(आ.व २०७४।०७५ मा सर्वप्रथम हुने शाखा)**



| | |
|---|---|
| **निक्षेप** | :– रु. १,५१,०३,३५,४९४।६४ |
| **कर्जा** | :– रु. ५३,२३,९४,७९९।१४ |
| **ग्राहक संख्या** | :– २९९४० जना |
| **कर्मचारी संख्या** | :– ९ जना |
| **मुनाफा** | :– रु. १,३९,०२,०००।- |
| **कर्जा निक्षेप अनूपात** | :– ३५.२५% |
| **NPA प्रतिशत** | :– ० |
| **शाखा प्रबन्धक** | :– गोपालप्रसाद न्यौपाने |

**सफलताको सुत्र :**

शाखामा कार्यरत कर्मचारी बीच समन्वय तथा अहोरात्र बैक सेवामा खटिएर कार्य गरिनु आदि ।

## समवेदना

यस बैंकका शा.का.डोटीमा कार्यरत कनिष्ठ सहायक उत्तम खड्का (११७७१) का बुबा टेकबहादुर खड्का, क्षे.का. नेपालगंजमा कार्यरत क्षेत्रीय उपप्रमुख राधेश्याम योगी (१०४२४) को बुबा कालुनाथ योगी, शाखा कार्यालय धरानमा कार्यरत सहायक संगीता बज्राचार्य (१०६३०) की आमा सनदकुमारी बज्राचार्य, के.का.इलेक्ट्रोनिक बैंकिङ्ग विभागमा कार्यरत सहयोगी नारायणप्रसाद ढकाल (९७०८) की आमा तुलसा ढकाल, शा.का. ठिमीमा कार्यरत बरिष्ठ सहायक इन्दीरा शर्मा अधिकारी (१०८४५) की बुबा चन्द्रप्रसाद न्यौपाने, क्षे.का. नेपालगंजमा कार्यरत सवारी चालक तिलकबहादुर सिंह (११३४७) को बुबा वेलबहादुर सिंह, शा.का. पृथ्वीचोकमा कार्यरत शाखा सहायक प्रवन्धक ओमप्रकाश पोखरेल (१२२३०) की आमा रनकुमारी उपाध्याय, मू.शा.का.विशालबजारमा कार्यरत सहयोगी भिमप्रसाद अधिकारी (१०२०२) को बुबा शिवप्रसाद अधिकारी, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक अशोक महर्जन (११४००) को बुबा आशाराम महर्जन, के.का.तालिम तथा विकास विभागमा कार्यरत सहायक प्रवन्धक नारायणप्रसाद पौडेल (१०६६१) की आमा सुमित्रा पाध्या, शाखा कार्यालय राजविराजमा कार्यरत सहायक प्रवन्धक रमेश मल्लिक (१०३८७) की आमा सुमित्रा देबी, शा.का.दीपायलमा कार्यरत नगद सहायक दुर्गा ऐर (११७७३) की सासु दुब्बी साउद, शा.का. सल्लेरीमा कार्यरत बरिष्ठ सहायक रत्नबहादुर थापा (६९५२) को बुबा सम्बर बहादुर थापा, के.का. समान्य सेवा विभागमा कार्यरत सवारी चालक रामनिवास राय (१२४७०) की आमा राम सखिया यादब, शा.का. ऐसेंलुखर्कमा कार्यरत शाखा प्रवन्धक चनकराम राई (११४६६) को बुबा बलबहादुर राई, शा.का. जितपुरमा कार्यरत शाखा प्रवन्धक धनेन्द्र बिश्वकर्मा (१०३९१) को बुबा वीरबहादुर बिश्वकर्मा, शा.का. भोजपुरमा कार्यरत सहायक ईशा श्रेष्ठ (१२७०८) की बुबा दिप श्रेष्ठ, शा.का.नाम्चेबजारमा कार्यरत कनिष्ठ सहायक अमितकुमार शाह (१२१४५) को बुबा लक्ष्मणप्रसाद शाह, शा.का.महाराजगंजमा कार्यरत सहायक पूण्यप्रसाद अधिकारी (१०५२९) को बुबा हीरानाथ अधिकारी, शा.का.रातामाटामा कार्यरत सहायक सीर्जना न्यौपाने (१२६७५) की ससुरा देबीप्रसाद अधिकारी, शा.का. देबकोटाचोकमा कार्यरत कार्यलय सहयोगी विनयकुमार गिरी (१०५५९) की आमा शान्तिलक्ष्मी गिरी, शा.का. धादिङ्गमा कार्यरत कार्यालय सहयोगी रेशमकुमारी पाण्डे (१०७५९) की सासु टिकालक्ष्मी पाण्डे, शा.का. त्रि.अ.वि.मा कार्यरत बरिष्ठ सहायक कल्पराज न्यौपाने (९१२५) की आमा भिश्वदेबी न्यौपानेको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, AEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9851039361